२०८३ सालको विधेयक नं – १

# पुचौंडी नगरपालिकाको आर्थिक ऐन, २०८३

पुचौंडी नगरपालिका

# पुचौंडी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३

**प्रस्तावना :** पुचौंडी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम पुचौंडी नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि पुचौंडी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** पुचौंडी नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** पुचौंडी नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** पुचौंडी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** पुचौंडी नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** पुचौंडी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** पुचौंडी नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** पुचौंडी नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** पुचौंडी नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय (ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टिङ्ग) सेवा वा व्यवसाय संचालन गरेवाफत अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** पुर्चौडी नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** पुर्चौडी नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** पुर्चौडी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **पर्यटन शुल्कः** पुर्चौडी नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि पुर्चौडी नगरपालिकाले तोके अनुसार हुने छ।

## पुर्चौडी नगरपालिका

### आ.ब.२०८३।०८४ का लागि स्वीकृत करका दर

| | | | |
|---|---|---|---|
| **अनुसूची- १** | | | |
| **सम्पत्ती कर** | | | |
| सि.न. | विवरण | विस्तृत विवरण | दर |
| १ | घर धुरि कर | सामान्य घर | १०० |
| | | जस्ता ढुङ्गा टिन टायलको छाना भइको घर | १५० |
| | | पक्की घर | २५० |
| **अनुसूची- २** | | | |
| **मालपोत/भूमि कर** | | | |
| **पाखो** | | | |
| सि.न. | विवरण | विस्तृत विवरण | दर |
| २ | अब्बल | | |
| | | प्रती रोपनी | ७० |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| ३ | दोयम | | |
| | | प्रती रोपनी | १६ |
| | | | |
| | | | |
| ३ | सिम | | |
| | | प्रती रोपनी | १४ |
| | | | |
| | | | |
| ४ | चाहार | | |
| | | प्रती रोपनी | १२ |
| | | | |
| | | | |
| खेत | | | |
| सि.न. | विवरण | विस्तृत विवरण | दर |
| ५ | अब्बल | | |
| | | प्रती रोपनी | ८० |
| | | | |
| | | | |
| ६ | दोयम | | |
| | | प्रती रोपनी | १८ |
| | | | |
| | | | |
| ७ | सिम | | |
| | | प्रती रोपनी | १६ |
| | | | |
| | | | |
| ८ | चाहार | | |
| | | प्रती रोपनी | १४ |
| | | | |
| | | | |
| १ रोपनी भन्दा तलको जमिनको रु १५ र एक वर्षसम्म कर नतिर्नेलाई २५% जरिवाना, ५ वर्ष सम्म नतिर्नेलाई ३५% र सो भन्दा बढी अवधी सम्म नतिर्नेलाई ५०% जरिवाना लाग्नेछ । | | | |

| सि.न. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| ९ | स्रोत परिचालन | हल भाडा प्रति दिन | २००० |
| | | एक्साभटेर भाडा प्रति घण्टा  इन्धन बाहेक | ४००० |
| | | एक्साभटेर भाडा प्रति महिना  इन्धन बाहेक | ८००००० |
| | | टिप्परभाडा प्रति महिना इन्धन बाहेक | १५०००० |
| | | टिप्पर भाडा प्रति दिन तेल बाहेक | ७००० |
| | | नकतडीमा -ढुङ्गा गिट्टी  कम्तिमा | २५०००० |
| | | ढुङ्गा गिट्टी  जामाडी गाड त्रिवेणी कोपिखेत | ४०००० |
| | | ढुङ्गा गिट्टी  बागा गाड चक्किबगड | १९०००० |
| | | ढुङ्गा गिट्टी  लोलि गाड | ६०००० |
| | | स्लेट खानी | |
| | | स्लेट प्रति पिस | |
| | | प्रोजेक्टर भाडा | ३००० |
| | | जेनेरेटर भाडा( तेल वाहेक ) | ४००० |
| | | व्याक -हो लोडर प्रति घण्टा तेल बाहेक | १५०० |
| | | व्याक -हो लोडर प्रति महिना  तेल बाहेक | ३५०००० |
| | | ट्याक्ट्रर भाडा प्रति महिना | ९०००० |
| | | ट्याक्ट्रर भाडा प्रति दिन | ४००० |
| | | कुर्सि भाडा प्रतिदिन प्रति गोटा | १० |
| | | रागा भैसी, निर्यात कर वार्षिक ठेक्का | २००००० |
| | | खसि बाख्रा, निर्यात कर वार्षिक ठेक्का | ४०००० |
| **अनुसूची- ३** | | | |
| | | **घर जग्गा वहाल कर** | |
| १० | वहाल विटौरी कर | | |
| | | सार्वजनिक जग्गामा विज्ञापन वा साईन बोर्ड राखे वापत प्रति वर्गफिट प्रतिवर्ष | १० |
| | | सार्वजनिक जमिनको उपयोग प्रति वर्ग फिट व्यवसाय प्रयोजन वार्षिक | १० |
| **सि.न** | **विवरण** | **विस्तृत विवरण** | **दर** |
| ११ | हाट वजार कर | वार्षिक ठेक्का | |
| १२ | घर धुरि कर | सामान्य घर | ५० |
| | | जस्ता ढुङ्गा टिन  टायलको छाना भइको  घर | १०० |
| | | पक्की घर | २०० |

| अनुसूची- ४ | | | |
|---|---|---|---|
| | | व्यवसाय कर | |
| सि.न. | विवरण | विस्तृत विवरण | दर |
| १३ | मदिरा पसल | वितरक | ६००० |
| | | थोक | ४००० |
| | | खुद्रा | २००० |
| १४ | चुरोट सुर्ति विडी पसल | वितरक | ३००० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १५ | हल्का पेय पादार्थ | वितरक | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १६ | सुन- चादी पसल | थोक | ५००० |
| | | खुद्रा मर्मत पसल | २००० |
| १७ | औषधि पसल | थोक | ३००० |
| | | खुद्रा डाक्टर भएको | २००० |
| | | खुद्रा डाक्टर नभएको | १००० |
| १८ | माछा -मासु विक्रि पसल | | ५०० |
| १९ | आयुर्वेदिक औषधि पसल | | ५०० |
| २० | एग्रो भेट पसल | थोक | २००० |
| | | खुद्रा | ५०० |
| २१ | स्टेसनरी तथा पुस्तक पसल | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| २२ | छपाई तथा प्राकासन पसल | अपसेट प्रेस | १५०० |
| | | साधारण प्रेस | ५०० |
| २३ | कस्मेटिक पसल | | ५०० |
| २४ | मोटर पार्टस | थोक | १५०० |
| | | फुटकर | ५०० |
| २५ | प्लाई तथा गलास | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| २६ | कपडा/फेन्सी / जुत्ता चप्पल/ व्याग पसल | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| २७ | घागो टांक पसल | थोक | १००० |

| | | | |
|---|---|---|---|
| | | खुद्रा | ५०० |
| २८ | इलेक्टोनिक्स पसल (मोवाइल,घडी,अडियो,भिडियो) | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| २९ | हार्डवेयर (मेसिनरी ,स्यानेटरी मार्वल पसल) | थोक | २००० |
| | | खुद्रा | १००० |
| ३० | पेट्रोलियम पादार्थ | पेट्रोल पम्प | ५००० |
| | | पेट्रोल विक्री केन्द्र | ३००० |
| | | ग्यास सिलिन्डर सव डिलर | ३००० |
| | | मट्टितेल  मात्र विक्री केन्द्र | २००० |
| ३१ | स्टिल आल्मुनियम पसल | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| ३२ | फर्निचर पसल | थोक | २००० |
| | | खुद्रा | ५०० |
| ३३ | ढुङ्गा गिट्टी वालुवा विक्रि वितरण पसल | | ३००० |
| ३४ | कपडा सिलाई कटाई | टेलरिङ्ग आधुनिक | १५०० |
| | | टेलरिङ्ग कपडा सहित | १००० |
| | | हाते मेसिन | ५०० |
| ३५ | क्यारेम वोर्ड | | २० |
| ३६ | पशु आहार विक्री केन्द्र | | १००० |
| ३७ | किराना पसल | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| ३८ | फलफुल तरकारी पसल | थोक | ५०० |
| | | खुद्रा | ३०० |
| ३९ | उपहार ,गिफ्ट,खेलौना पसल | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| ४० | भाँडा पसल (स्टिल, प्लाष्टिक, आल्मुनियम ) | थोक | २००० |
| | | खुद्रा | १००० |
| ४१ | विशेषज्ञ परामर्ष तथा अन्य व्यवसायी सेवा | चिकिस्तक | १५०० |
| | | कन्सल्टेन्सी सेवा (ईन्जिनियरिङ्ग ) | १५०० |
| | | कानुनी ल फर्म | १५०० |
| | | लेखा परीक्षण व्यवसायी | १५०० |
| | | दन्त चिकिस्तक | १५०० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | १५०० |

| | | | |
|---|---|---|---|
| | | पशु चिकिस्तक डाक्टर | १५०० |
| | | रोजगार सेवा | १५०० |
| ४२ | ढुवानी वा ट्रान्सपोर्ट | | १००० |
| ४३ | पेन्टर वा साईन वोर्ड लेख्ने | | ५०० |
| ४४ | घुम्ती व्यापारी/फेरिवाला | प्रति हप्ता/प्रवेश | ५०० |
| ४५ | खोटो व्यवसायी | | ५००० |
| ४६ | जग्गा व्यबसायी | | २५०० |
| ४७ | निर्माण व्यवसायी | | ३००० |
| ४८ | यस वर्गिकरणमा नपरेका व्यवसायीको हकमा एकमुष्ट | | ५०० |
| ४९ | ग्रिल उध्योग | | १००० |
| ५० | जुत्ता उध्योग | | ५०० |
| ५१ | घरेलु कुटिर उध्योग (अगरवत्ती ,मैन वत्ती अचार ) | | २०० |
| ५२ | कपडा तथा गारमेन्ट उध्योग | | १००० |
| ५३ | सिरक डसना उध्योग | | ५०० |
| ५४ | कुटानी पिसानी मिल | | ५०० |
| ५५ | मसला मिल | | ५०० |
| ५६ | डेरी उध्योग व्यवसायी | | ५०० |
| ५७ | उपभोग्य वस्तु उत्पादन उध्योग | कुकिज नुडल्स | ५०० |
| | | दालमोट पाउरोटी चाउमिन | ५०० |
| | | पापड चिप्स फिगर | २०० |
| ५८ | वनजन्य उध्योग | समिल प्लाई उध्योग | २००० |
| | | काठ विक्रि डिपो | १००० |
| ५९ | कन्क्रिट क्रसर इटा भट्टा उध्योग | | ५००० |
| ६० | ढाका टोपी पस्मिना उध्योग | | ५०० |
| ६१ | सुर्ति जन्य उध्योग | | २००० |
| ६२ | होटल रेस्टुरेन्टा एण्ड लज | होटल र लज | २००० |
| | | भोजनालय | ५०० |
| | | मिठाई पसल | ५०० |
| | | पार्टि प्यालेस | ३००० |
| | | रेस्टुरेन्ट वार | ३००० |
| | | चिया र खाजा पसल | ५०० |

| | | | |
|---|---|---|---|
| | | खाना नास्ता खाजा पसल मदिरा सहित | १५०० |
| | | टेन्ट हाउस | २००० |
| सेवा उद्योग | | | |
| ६३ | सञ्चार | एफ.एम. प्रसारण | २००० |
| | | केवल च्यानल प्रशारण | २००० |
| | | पत्र पत्रिका प्रकाशन सेवा | १००० |
| | | फोटो कपि पि.सि.ओ.साईवर तथा क्याफे | ५०० |
| | | कुरियर सेवा | १००० |
| | | कलर ल्याव फोटो स्टुडियो | ५०० |
| ६४ | वित्तीय | वाणिज्य वैङ्क प्रति शाखा / केन्द्रीय कार्यालय | ५००० |
| | | विकास वैङ्क प्रति शाखा / केन्द्रीय कार्यालय | ४००० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ३००० |
| | | वित्तीय /ऋण सहकारी संस्था | २००० |
| | | मनि ट्रान्सफर | १००० |
| | | बिमा कम्पनी | २००० |
| | | लघु वित्त | २००० |
| ६५ | स्वास्थ्य सेवा व्यवसायी | निजी अस्पताल तथा नर्सिङ्ग होम | २००० |
| | | क्लिनिक तथा ल्याव | १००० |
| | | चस्मा पसल | ५०० |
| ६६ | शिक्षा सेवा निजी | क्याम्पस | २००० |
| | | मा.वि. | १५०० |
| | | आ.वि. | १००० |
| | | छात्रवास | १००० |
| | | मन्टेस्वरी | ७०० |
| | | पुर्व प्रा.वि. | ६०० |
| | | ट्युसन सेन्टर | १००० |
| | | कम्युटर ,नृत्य कला सिकाई केन्द्र | १००० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १००० |
| ६७ | मर्मत संभार | टायर ट्युव मर्मत रिसोलिङ्ग हावा भर्ने | ५०० |
| | | ईन्जिन मर्मत | २००० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५०० |
| | | मोटर साईकल मर्मत | ५०० |

| | | | |
|---|---|---|---|
| | | बस ट्याक्सी लगायतका सवारी साधन मर्मत | १५०० |
| | | टि.भि.,फ्रिज,मोटर पंखा ,रेडियो,घडी,कम्प्युटर,मोवाईल मर्मत | ५०० |
| ६८ | ड्राई क्लिनर व्युटिपार्लर सैलुन | | ५०० |
| ६९ | फुल विरुवा पसल | | ५०० |
| ७० | गैर सरकारी संस्था | राष्ट्रिय | १००० |
| | | अन्तर्राष्ट्रिय संस्था | ५००० |
| ७१ | चर्च गुम्वा | | २०००० |

## अनुसूची- ५

### वनजन्य उत्पादन, जडिबुटी, कवाडी र जीवजन्तु करः

#### क) वनजन्य करः

| सि.न. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| ७२ | खोटो | के जी | २ |
| ७३ | सल्लाको गोलिया काठ | क्युविक फिट | २० |
| ७४ | सल्लाको चिरानी काठ | क्युविक फिट | १५ |
| ७५ | टुणी काठ | क्युविक फिट | १५ |
| ७६ | अन्य प्रजातीका दाउरा काठ | प्रति ट्रक | ५०० |
| ७७ | खरि ढुङ्गा (सिमेन्टको बोरा) | प्रति कट्टा | ७ |

#### ख) जडिबुटी करः

| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| ७८ | रिठा | प्रति के जी | २ |
| ७९ | दालचिनीका पात | प्रति के जी | १.५ |
| ८० | दालचिनिका बोक्रा | प्रति के जी | ३ |
| ८१ | सिमजडा (सुगन्धवाल), लेकतितो | प्रति के जी | ३ |
| ८२ | टिमुर | प्रति के जी | ७ |
| ८३ | काउलाका बोक्रा, भिङेती | प्रति के जी | ५ |
| ८४ | अन्य (काफल, ऐसेलु, त्रिखलाको बोक्रा) | प्रति के जी | ७ |
| ८५ | गिजिटो | प्रति के जी | १२ |
| ८६ | झ्याउ | प्रति के जी | २० |
| ८७ | सुनगाभा | प्रति के जी | ५ |

| | | | |
|---|---|---|---|
| ८८ | सिल्पेरे | प्रति के जी | ७ |
| | | ग) छाला जन्य करः | |
| सि.न. | विवरण | विस्तृत विवरण | दर |
| ८९ | काँचो छाला (मृत, राँगा, भैसी, गाई, गोरु) | प्रति गोटा | २०० |
| | | (घ) कृषिजन्य निकासी करः | |
| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
| ९० | सबै प्रकारका कृषि उत्पादनहरुमा निकासी कर ठेक्का प्रयोजन | ठेक्का अङ्क | ५०००० |
| ९१ | आलु सहित सबै प्रकारका तरकारी | प्रति क्विन्टल | १०० |
| ९२ | सबै प्रकारका फलफुलहरुमा | प्रति क्विन्टल | १०० |
| ९३ | भटमास/मकै/दाल/गेडागुडीहरुमा | प्रति क्विन्टल | १०० |
| ९४ | भाङ तथा अन्य उत्पादन | प्रति क्विन्टल | २०० |
| ९५ | अर्गानिक आलु | प्रति क्विन्टल | १५० |
| | | ङ) पशुजन्य निकासी करः | |
| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
| ९६ | खसी/बाख्रा/भेडा/सुँगुर ठेक्का प्रयोजन | ठेक्का अङ्क | ३७००० |
| ९७ | राँगा/भैसी ठेक्का प्रयोजन | ठेक्का अङ्क | २००००० |
| ९८ | राँगा/भैसी | प्रति गोटा | ५०० |
| ९९ | गाई/गोरु | प्रति गोटा | ५०० |
| १०० | खसी/बाख्रा/भेडा/सुँगुर | प्रति गोटा | २५० |
| | | च) कवाडी निकासी करः | |
| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
| १०१ | कवाड निकासी ठेक्का प्रयोजन | नगरपालिका क्षेत्र भित्र | १५००० |
| १०२ | कवाड निकासी शुल्क | प्रति क्विन्टल | ५० |

## अनुसूची- ६

| | | | |
|---|---|---|---|
| | | छ) सवारी साधन करः | |
| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
| १०३ | सवारी साधन कर | बस ट्रक ट्याक्ट्रर ,हेभी गाडी | २००० |
| | | भाडाका कार जिप | १००० |

| | | | |
|---|---|---|---|
| | | निजी कार जिप | २००० |
| | | स्कुटर ,मोटरसाईकल तथा अन्य सवारी साधन | २०० |
| | | ठेला गढा अटो रिक्सा | १०० |

**अनुसूची- ७**

**विज्ञापन करः**

| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १०४ | सार्वजनिक जग्गामा विग्यापन वा साईन वोर्ड राखे बाफत | प्रति वर्ग फिट | १५ |

**अनुसूची- ८**

**मनोरञ्जन करः**

| सि.न. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १०५ | ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन | प्रति महिना | ५०० |

**अनुसूची- ९**

**वहाल बिटौरी करः**

| सि.न. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १०६ | वहाल विटौरी कर | टहरो छाप्रोमा मासिक | १०० |
| | | सार्वजनिक जग्गामा विज्ञापन वा साईन बोर्ड राखे वाफत प्रतिवर्ष | 10% |
| | | सार्वजनिक जमिनको उपयोग प्रति वर्ग फिट व्यवसाय प्रयोजन वार्षिक | ५ |
| | | सार्वजनिक जमिनको उपयोग प्रति वर्ग फिट आवास प्रयोजन | २ |
| | | सार्वजनिक जमिनको उपयोग प्रति वर्ग फिट अन्य प्रयोजन | १ |
| | | ठेला मासिक | ५० |

**अनुसूची- १०**

**पार्किङ शुल्क**

| सि.न. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| | | | |

| अनुसूची- ११ | | | |
|---|---|---|---|
| | | | शेवा शुल्क दस्तुरः |
| सि.न. | विवरण | विस्तृत विवरण | दर |
| १०७ | घर जग्गाको नामसारी र सिफारिस | ५ रोपनी सम्म | ५०० |
| | | ६ देखी १० रोपनी सम्म | |
| | | १० देखी २० रोपनी सम्म | |
| | | २० देखी ५० रोपनी सम्म | |
| | | ५० रोपनी भन्दा माथी | |
| १०८ | मोही लगत कट्टा सिफारिस | १ रोपनी सम्मको | ५०० |
| | | १ रोपनी भन्दा माथीको | |
| १०९ | घर कायम सिफारिस | कच्चि घर सिफारिस प्रति तला | १०० |
| | | पक्की घर सिफारिस प्रति तला | २०० |
| ११० | सरजमिनि सिफारिस दस्तुर | | २५० |
| १११ | छात्रवृति सिफारिस दस्तुर | | १०० |
| ११२ | विपन्न असहाय विद्यार्थी छात्रवृति सिफारिस | निशुल्क | ० |
| ११३ | अपाङ्गता भएको सिफारिस | निशुल्क | ० |
| ११४ | अस्थायी बसोबास सिफारिस | | १०० |
| ११५ | स्थायी बसोबास सिफारिस | | १०० |
| ११६ | नागरिकता सिफारिस | वंशज | २०० |
| | | प्रतिलिपि | ३०० |
| | | अंगकृत | ५०० |
| ११७ | विधुत जडान सिफारिस | | २०० |
| ११८ | धारा जडान सिफारिस | | १०० |
| ११९ | जिवित रहेको सिफारिस | | १५० |
| १२० | दुवै नाम गरेको व्यक्ति एउटै हो वा जन्ममिति संसोधन सिफारिस | | १५० |
| १२१ | व्यवसाय बन्द सिफारिस | | ५०० |
| १२२ | व्यवसाय संचालन नभएको सिफारिस | | ५०० |
| १२३ | व्यापार व्यवसाय नभएको सिफारिस | | २०० |
| १२४ | कोर्ट फि मिनाह सिफारिस | निशुल्क | ० |
| १२५ | नाबालक परिचय पत्र सिफारिस | | ० |
| १२६ | चौपाया सम्बन्धी सिफारिस | | १०० |

| | | | |
|---|---|---|---|
| १२७ | योजना माग तथा सम्झौता सिफारिस | | ५०० |
| १२८ | व्यवसाय दर्ता सिफारिस | | ५०० |
| १२९ | उद्योग ठाउसारी सिफारिस | | ५०० |
| १३० | विध्यालय ठाउसारी सिफारिस | | १५०० |
| १३१ | आन्तरिक बसाई सराई सिफारिस | | ५०० |
| १३२ | विद्यालय स्वीकृत कक्षा थप सिपारिस | | १००० |
| १३३ | व्यक्तिगत विवरण सिफारिस नविकरण सिफारिस | | ५०० |
| १३४ | जग्गा दर्ता सिफारिस | | ५०० |
| १३५ | संरक्षक सिफारिस व्यक्तिगत | | १०० |
| १३६ | संरक्षक सिफारिस संस्थागत | | ५०० |
| १३७ | नेपाल सरकारको बाटो कायम सिफारिस | | ५०० |
| १३८ | संस्था दर्ता सिफारिस | | १००० |
| १३९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | | २५० |
| १४० | जिवितसँगको नाता प्रमाणित | | २०० |
| १४१ | मृतकसँगको नाता प्रमाणित | | २०० |
| १४२ | आर्थिक अवस्था सम्पन्नता भएको प्रमाणित | | १००० |
| १४३ | आर्थिक अवस्था विपन्नता भएको प्रमाणित | निशुल्क | ० |
| १४४ | जग्गा मुल्याङ्कन सिफारिस /प्रमाणित | | १००० |
| १४५ | चार किल्ला प्रमाणित | | २५० |
| १४६ | जन्ममिति प्रमाणित | | २०० |
| १४७ | घर वाटो प्रमाणित | वाटो भएको | ३०० |
| १४८ | घर वाटो प्रमाणित | वाटो नभएको | २०० |
| १४९ | विवाह प्रमाणित | | २०० |
| १५० | कागज मञ्जुरिनामा प्रमाणित | | १५० |
| १५१ | हकवाला वा हकदार प्रमाणित | | २०० |
| १५२ | घर सम्पन्न सिफारिस | कच्चि घर सिफारिस | १०० |
| १५३ | घर सम्पन्न सिफारिस | पक्की घर सिफारिस | ५०० |
| १५४ | अबिबाहित प्रमाणित | | २०० |
| १५५ | अपुतालि सिफारिस | | ५०० |

| | | | |
|---|---|---|---|
| १५६ | अन्य सिफारिस वा प्रमाणित | | ५०० |
| १५७ | घर नक्सा पास सिफारिस | कच्चि घर सिफारिस | ५०० |
| १५८ | घर नक्सा पास सिफारिस | पक्की घर सिफारिस | १००० |
| १५९ | भवन अभिलेखिकरण दस्तुर | पक्की भवन | १५०० |
| १६० | घर तथा भवन नक्सापास सिफारिस दस्तुर | | ५००० |
| १६१ | सर-सफाई शुल्क | मासिक | ० |
| १६२ | सर-सफाई शुल्क | सर-सफाई कार्डको | ० |
| १६३ | जन्म दर्ता | ३५ दिन सम्म निशुल्क अन्यथा | ५०० |
| १६४ | मृत्यु दर्ता | ३५ दिन सम्म निशुल्क अन्यथा | ५०० |
| १६५ | विवाह दर्ता | ३५ दिन सम्म निशुल्क अन्यथा | ५०० |
| १६६ | वसाई सराई जाने आउने | | ५०० |
| १६७ | सम्बन्ध विच्छेद | | ५०० |
| १६८ | जन्म दर्ता प्रतिलिपी (हस्तलिखित) | हस्तलिखित जन्मदर्तालाई अनलाईन बनाउन | ५०० |
| १६९ | प्रतिलिपी (जन्म,मृत्यु,बिबाह,बसाई सराई ) | हराएको | ५०० |
| १७० | व्यवसाय दर्ता | १ -३० लाख सम्मको | २००० |
| १७१ | व्यवसाय दर्ता | ३० लाख देखि माथी | ३००० |
| १७२ | उजुरी दर्ता वा मुद्दा दर्ता | | २०० |
| १७३ | उजुरी मिलापत्र दस्तुर | | ५०० |
| १७४ | व्यवसाय /संस्था/ सहकारी नविकरण | १ -३० लाख सम्मको | १००० |
| १७५ | व्यवसाय /संस्था/ सहकारी नविकरण | ३० लाख देखि माथी | २००० |
| १७६ | मदिरा पसल दर्ता दस्तुर | | ४०००० |
| १७७ | समुह दर्ता नविकरण - कृषक, खानेपानी ,उपभोक्ता) | | १००० |
| १७८ | कागजात प्रिन्टिङ दस्तुर | प्रति पृष्ठ | २० |
| १७९ | कागजात फोटोकपी दस्तुर | प्रति पृष्ठ | १० |
| १८० | स्वास्थ्य प्रयोगशाला जाँच शुल्क | प्रति व्यक्ति | जि ज स्वा का बाट निर्धारण भए बमोजिम |
| १८१ | कर्मचारी आवेदन दस्तुर | प्रति व्यक्ति | लोकसेवा ले निर्धारण गरे बमोजिम |
| १८२ | राजपत्र विक्री शुल्क | प्रति थान | राजपत्र सम्बन्धी कार्यविधी बमोजिम |

| | | | |
|---|---|---|---|
| १८३ | बोलपत्र विक्री शुल्क | प्रति थान | सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम |
| १८४ | एकिकृत सम्पति कर | विस्तृत अध्ययन पछी लगाईनेछ | |
| १८५ | घर बहाल कर | कोठा वा घर भाडाको १०% | १०% |
| १८६ | विज्ञापन कर | सार्वजनिक जग्गामा विग्यापन वा साईन वोर्ड राखे बाफत प्रति वर्ग फिट | २० |
| **अनुसूची- १२** | | | |
| **पर्यटन शुल्क** | | | |
| **सि.न.** | **विवरण** | **विस्तृत विवरण** | **दर** |
| | | | |

द्रष्टव्यः नगरपालिका बाट स्विकृत नगरि निर्माण गरिएका भवनको हकमा दोब्बर दस्तुर लाग्नेछ।

**१६. जरिवाना :**

१६.१: विशेष ऐनमा भएको व्यवस्था बाहेक यस ऐन बमोजिम बुझाउनु पर्ने कर दस्तुर प्रत्येक आर्थिक वर्ष भित्र बुझाउनु पर्नेछ, अन्यथा वार्षिक रुपमा बुझाउनुपर्ने करमा १ वर्ष पछि १५%, २ वर्षपछि २५%, ५ वर्ष सम्म नतिर्नेलाई ३५% र सो भन्दा माथि ५०% जरिवाना सहित कर असुल गरिनेछ ।

१६.२: पुर्चौडी नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार व्यवसाय गर्ने वा फोहरमैला तथा निर्माण सामग्रीबाट उत्सर्जित फोहोर एवम् प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गरी जरिवाना गरिनेछ । साथै पुर्चौडी नगरपालिका, नगर कार्यपालिकाले समयसमयमा यस व्यवस्थामा थपघट पुनरावलोकन गर्न सक्ने छ ।

**प्रमाणित मिति**
**२०८३।०३।२७ गते**